# रास्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

आर.सी.पी. कालीकोट
कर्णाली प्रदेश, नेपाल

www.raskotmun.gov.np
Email:ito.raskotmun@gmail.com
: 16608744044


पत्र संख्याः- २०८२।०८३ मितिः-२०८२।०४।२७

ने.स ११४५ गुलांगा

## भू-उपयोग क्षेत्र वर्गीकरणका लागि सीलबन्दी प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना।

(प्रथम पटक प्रकाशित मितिः२०८२।०४।२७)

प्रस्तुत विषयमा यस रास्कोट नगरपालिकाको वडा नं. १ देखि ९ सम्मका जग्गा भू-उपयोग ऐन, २०७६ को दफा ४(१) मा भएको व्यवस्था बमोजिम , भू-उपयोग नियमावली, २०७९ को नियम ५ अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्नुपर्ने भएकोले देहायका प्रक्रियाहरू तथा पालना गर्नुपर्ने शर्तहरूसहित इच्छुक परामर्श दाता तथा संस्थाहरूले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सीलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहायः**

जवान सिंह बम
नि. प्रमुख प्रशासकीय अधिकृत

सीलबन्दी प्रस्ताव पेश गर्दा अपनाउनु पर्ने प्रक्रियाहरू तथा पालना गर्नुपर्ने शर्तहरूः

१. सीलबन्दी प्रस्ताव पेश गर्दा नगरपालिको TOR / RFP बमोजिम गर्नुपर्ने छ।

२. प्रस्ताव पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनमा प्रस्ताव दर्ता हुनेछ।

३. प्रस्ताव पत्रमा रकम अङ्क र अक्षरमा स्पष्ट रूपमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ।

४. प्रस्ताव पेश गर्दा आर्थिक र प्राविधिक प्रस्ताव छुट्टा छुट्टै संलग्न गर्नु पर्नेछ।

**५. प्रस्तावका साथ संलग्न गर्नुपर्ने कागजातहरूः**

क. कम्पनी / संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ख. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि

ग. आ.व. २०८१।०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

घ. यस नगरपालिकामा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि

६. प्रस्ताव स्वीकृत गर्ने या नगर्ने यस नगरगरपालिकाको निर्णयानुसार हुनेछ। थप जानकारीका लागि यस कार्यालयको नापी शाखामा सम्पर्क गर्न सकिनेछ

# भू-उपयोग क्षेत्र वर्गीकरणका लागि

## कार्यक्षेत्रगत शर्त तथा कार्य विवरण

## (TOR)

## १.१ पृष्ठभूमि


भूमिको परिमाण सीमित हुने र जनसंख्या असिमित रुपमा बढ्दै जाँदा प्रतिव्यक्ति भूमिको मात्रा घट्दै गइरहेको छ । मानव जगत्‌को जीवन र संवृद्धि सुनिश्चित गर्नका लागि भूमिको उचित प्रयोग हुनुपर्दछ भन्ने कुरामा सन्देह छैन । भूस्रोतको व्यवस्थापन सम्बन्धमा विगतदेखि नै नेपालमा उचित ध्यान पुऱ्याउन नसकेको देखिन्छ । सार्वजनिक र निजी क्षेत्र दुवैले भूमिलाई आफ्नो अनुकुल प्रयोग गर्दै आइरहेको पाइन्छ । बढ्दो जनसंख्या सँगसँगै नयाँ-नयाँ वस्तीहरुको विकास र विस्तारले प्राकृतिक वातावरणमाथि थप दवाव सिर्जना गर्दै गइरहेको छ । यसैको परिणाम स्वरुप उर्वरक खेतीयोग्य भूमिहरुमा कंक्रिट र गगनचुम्बी महलहरु ठडिएका छन् । यस्तो स्थितिमा भूमिको दिगो प्रयोग मात्रै एउटा उचित विकल्प हुन सक्दछ । त्यसैले प्रभावकारी र उचित भू-उपयोग नीति र योजनाको निर्माण तथा त्यसको व्यवहारिक कार्यान्वयन हाम्रो जस्तो देशको लागि प्रमुख आवश्यकता हो । हामी यस कुरामा जति विलम्ब गर्छौं त्यति नै त्यसबाट उत्पादन हुन सक्ने नकारात्मक परिणामहरुबाट ग्रसित हुनेछौं ।

सिमित भूमिश्रोतको उचित उपयोग गर्नको लागि भू-उपयोग योजना तर्जुमा गर्नुपर्दछ । नेपाल सरकारले स्थानीय तहहरुको भू-उपयोग नक्शा वनाउनको लागि विभिन्न परियोजनाहरु संचालन गर्दै आएको भए तापनि भू-उपयोग योजना तर्जुमा र प्रत्येक भू-उपयोग क्षेत्रमा कित्ता जग्गाको वर्गीकरण गर्ने कार्य भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली २०७९ को कार्यान्वयनका लागि अत्यन्त जरुरी भएको छ । भू-उपयोग ऐन, २०७६ लेसंघीय, प्रादेशिक र स्थानीय तहमा भू-उपयोग परिषद् को व्यवस्था गरेको छ । सोही ऐन वमोजिम स्थानीय तहको, भू-उपयोग योजना परिषद्‌लाई भू-उपयोग योजना तर्जुमा गर्न र प्रत्येक स्थानीय तहमा भू-उपयोग क्षेत्र वर्गीकरण गर्नको लागि जिम्मेवारी तोकिएको छ । यसको लागि राष्ट्रिय भू-उपयोग आयोजना तथा नापी विभागले तयार पारेको हाल उपलब्ध स्थानीय तहको भू-उपयोग नक्शालाई सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गर्नु पर्दछ । यस सन्दर्भमा नापी विभागवाट हाल उपलब्ध तथ्याङ्कलाई स्थानीय तहले स्थानीय वास्तविकता अनुसार ठीक छ छैन रुजु गर्ने र यदि आवश्यक परेको खण्डमा भू-उपयोग क्षेत्र वर्गीकरणका लागि अद्यावधिक गर्ने कार्य गर्नुपर्दछ ।

जवान सिंह बम
नि. प्रमुख प्रशासकीय अधिकृत

## अध्ययन क्षेत्र

नेपालको कान्छो जिल्ला भनेर चिनिने कालिकोट जिल्लाको सबैभन्दा सानो तर अति सुन्दर, भौगोलिक रुपमा मिलेको नगरपालिका रास्कोट नगरपालिका हो । साबिकका स्यूना, सिपखाना र फुकोट गा. वि. स. को भूभागलाई मिलाएर यस नगरपालिकाको स्थापना वि. स. २०७३ फागुन २७ गते भएको हो । समुन्द्री सतहबाट लगभग १७७५ मिटरको उचाइमा रहेको र ५९.७३ वर्ग किलो मिटरमा फैलिएको यो नगरपालिका १९ डिग्री १४ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ३८ मिनेट २३ सेकेण्ड पूर्वी देशान्तरमा अवस्थित रहेको छ । नगरपालिकाको पूर्वमा पचालझरना गाउँपालिका, पशिचममा शान्नि त्रिवेणी गाउँपालिका, उत्तरमा बाजुरा जिल्ला र दक्षिणमा पचालझरना रहेका छन् ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

जवान सिंह बम
नि. प्रमुख प्रशासकीय अधिकृत

## १.२ भू-उपयोग क्षेत्र वर्गीकरणको औचित्य

देशभरका ७५३ वटै स्थानीय तहको भू-उपयोग योजना तर्जुमा गर्न अत्यावश्यक भू-उपयोग नक्सा डाटा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत नापी विभागबाट तयार भैसकेको छ । भौगोलिक सूचना प्रणाली (GIS) प्रविधिबाट तयार गरिएको उक्त नक्सा डाटाको प्रयोग गरी भू-उपयोग योजना तर्जुमा गर्ने कार्य आफैमा उच्च प्राविधिक किसिमको र चुनौतीपूर्ण समेत रहेको छ । प्रचलित कानुनहरूले भू-उपयोग योजना तर्जुमा गर्ने कार्य स्थानीय तहहरूको अधिकारक्षेत्र भित्र राखेको भए पनि हाल स्थानीय तहहरूको क्षमता विश्लेषण गर्दा केही बाहेक अधिकांश स्थानीय तहको प्राविधिक क्षमता र जनशक्ति थप विकास गर्नुपर्ने देखिन्छ । त्यस बाहेक भू-उपयोग योजना तर्जुमा गर्ने विषय स्थानीय तहहरूको सन्दर्भमा नौलो अभ्यास भएकोले सबै स्थानीय तहहरूलाई यस सम्बन्धी कार्यमा प्राविधिक दिशानिर्देश गर्न र कामको गुणस्तर कायम गर्न आवश्यक रहेको देखिन्छ ।

यस कार्यको मुख्य उद्देश्य उपलब्ध भूमि र भूमि स्रोतको समुचित उपयोग र व्यवस्थापन गर्न भू-उपयोग ऐनले तोकेबमोजिमका क्षेत्रहरूमा वर्गीकरण गरी सहभागीमूलक ढङ्गबाट विस्तृत भू-उपयोग योजना तर्जुमा गर्ने कार्यलाई सहज गर्ने रहेको छ । भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने र भू-उपयोग योजना तर्जुमा गर्ने कार्य नेपालको सन्दर्भमा नितान्त नयाँ, निकै चुनौतीपूर्ण, उच्च तहको प्राविधिक एवम् व्यावहारिक ज्ञान आवश्यक पर्ने भएको र सो तहको क्षमताको विकास भर्खरै स्थापित भइ कार्य गर्न सुरु गरेका प्रदेश र स्थानीय तहमा उपलब्ध हुन कठिनाइ हुने भएकाले यो सामग्रीले भू-उपयोग योजना तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ । यसका साथै देशका सबै स्वायत्त स्थानीय तहले आ-आफ्नो क्षेत्रमा भू-उपयोग क्षेत्र वर्गीकरण र भू-उपयोग योजना तर्जुमा गर्दा सो कार्यमा न्यूनतम एकरूपता कायम गर्नसमेत सहयोग पुग्ने अपेक्षा छ ।

## १.३ उद्देश्यहरु

भू-उपयोग नक्शाको आधारमा गरिने भू-उपयोग क्षेत्र वर्गीकरणका उद्देश्यहरु निम्न अनुसार छन् :

१ स्थानीय तहले आफ्नो सिमाना भित्रको भूमिको उचित उपयोगका लागि भू-उपयोग योजना तर्जुमा गर्न आधार प्रदान गर्ने,

जवान सिंह बम
नि. प्रमुख प्रशासकीय अधिकृत

२ पालिकाले उपलब्ध गराउने डिजिटल कित्ता नक्शाको आधारमा कित्तामा आधारित भूमि लगत तयार गरि प्रगतिशील कर प्रणाली निर्धारण र यसको कार्यान्वयन गर्ने,

३ प्राकृतिक र मानव सिर्जित प्रकोपजन्य जोखिमहरु न्युनिकरण गर्ने,

४ स्थानीय तहको अवस्थिती, भू-बनोट, भूमिको प्रकृति, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकताका आधारमा भूमिको उचित ब्यवस्थापन गरि भूमिको उत्पादकत्व वृद्धि गर्ने,

५ स्थानीय तहमा भूमिको खण्डीकरणलाई निरुत्साहित गरि कृषि योग्य जग्गाको संरक्षण तथा चक्लाबन्दीलाई प्रोत्साहन गर्ने ।

## १.४ कार्य क्षेत्र

भू-उपयोग नियमावली, २०७९ ले व्यवस्था गरे बमोजिम भू-उपयोग क्षेत्र नक्शा तथा विवरण प्राप्त भएपछि भू-उपयोग कार्यक्रम संञ्चालन भएको स्थानीय तहको स्थानीय भू-उपयोग परिषद्ले ऐन बमोजिम भू-उपयोग क्षेत्र वर्गीकरण गर्दा देहायका कुरालाई समेत विचार गरी आफ्नो सीमाना भित्र भू-उपयोग क्षेत्र वर्गीकरण गर्नु पर्नेछ:-

क) स्थानीय आवश्यकता ।

ख) प्राप्त भू-उपयोग क्षेत्र नक्शा ।

ग) नियममा उल्लेखित भू-उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड र क्षेत्रफल ।

- ✓ वर्गीकरण गरिएको भू-उपयोग क्षेत्रलाई सम्बन्धित स्थानीय भू-उपयोग परिषद्ले आवश्यकता र औचित्यको आधारमा भू-उपयोग उपक्षेत्रमा वर्गीकरण गर्न सक्नेछ ।
- ✓ भू-उपयोग क्षेत्र वर्गीकरण गरिसकेपछि स्थानीय भू-उपयोग परिषद्ले सोको विवरण विभाग, प्रदेश भू-उपयोग परिषद् र संङ्घीय भू-उपयोग परिषद्मा पठाउनु पर्नेछ ।
- ✓ नियममा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन बमोजिम प्रदेश वा स्थानीय तहले अन्य कुनै भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्नुपर्ने भएमा वर्गीकरणमा समावेश गर्नुपर्ने क्षेत्र र सोको भौगोलिक विवरण समेत खुलाई सङ्घीय भू-उपयोग परिषद्मा सहमतिको लागि लेखी पठाउनु पर्नेछ ।

स्थानीय तहको भू-उपयोग क्षेत्र वर्गीकरणकालागि अपनाइने विधि र प्रक्रिया देहायबमोजिम हुनुपर्ने छ :

जयाग सिंह बम
नि. प्रमुख प्रशासकीय अधिकृत

❖ भू-उपयोग क्षेत्र वर्गीकरणको तयारी

❖ स्थानीय आवश्यकता पहिचान

❖ भू-उपयोग नक्सा डाटा अध्ययन, विश्लेषण

❖ भू-उपयोग क्षेत्र वर्गीकरण

❖ नक्सा डाटा परिमार्जन वा अद्यावधिक

## १.५ परामर्शदाता संस्था छनोट विधि तथा प्रक्रिया

भू-उपयोग क्षेत्र वर्गीकरणका लागि परामर्शदाता संस्था छनोट गर्दा निम्न विधि तथा प्रक्रिया अवलम्बन गरिने छ ।

- परामर्शदाता संस्थाले रास्कोट नगरपालिका लाई लक्षित गरी आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ । प्राप्त आर्थिक तथा प्राविधिक प्रस्तावहरूको गुणस्तर र लागतका आधारमा विश्लेषण गरी परामर्शदाताको संस्थाको छनौट गरिने छ । रास्कोटमा भू-उपयोग क्षेत्र वर्गीकरणाका लागि योग्यता क्रममा परेका परामर्शदाता संस्थाहरूसँग नगरपालिकाले सम्झौता गर्ने छ ।
- स्थानीय तहसँग कार्य प्रारम्भ गर्नु भन्दा पहिला परामर्शदाताले रास्कोटमा गर्नु पर्ने कार्यको योजना बनाई छलफलबाट अन्तिम रुप दिई अगाडि बढाउनु पर्नेछ ।
- भू-उपयोग क्षेत्र वर्गीकरण कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन र फलोअप हुन सक्ने छ । सो कार्यका लागि सेवा प्रदायक संस्थाले विस्तृत कार्ययोजना समेत पेश गर्नुपर्नेछ । परामर्शदाताले नगरपालिकाका पदाधिकारी सँग निरन्तर निकटतम समन्वय कार्य गर्नुपर्ने छ ।
- भू-उपयोग क्षेत्र वर्गीकरणको अन्तिम दस्तावेज (विद्युतीय र भौतिक २ प्रति) नगरपालिकामा बुझाउनु पर्नेछ । काठमा

## १.६ कार्य संचालन तथा प्रतिवेदन

यो योजना सम्पन्न गर्नका लागि रास्कोट बाट बजेट बिनियोजन गरिएको छ । सोही बजेटको सीमामा रहेर प्रस्ताव पेश गर्ने परामर्शदाताको प्रस्तावना छनौट गरिनेछ । साथै परामर्शकर्ताले निम्नानुसारको कार्य सम्पन्न गरी तोकिएको मिति भित्र नगरपालिकामा बुझाउनु पर्नेछ ।

जयन्त सिंह बम
नि. प्रमुख प्रशासकीय अधिकृत

| | प्रतिवेदन | समावेश गर्नु पर्ने विवरण, तथ्यांक र कागजातहरू | समय सीमा |
|---|---|---|---|
| १ | प्रारम्भिक प्रतिवेदन | भू-उपयोग क्षेत्र वर्गीकरणका लागि गरिने छलफल सम्बन्धी मिति कार्यतालिका, विज्ञ टोली परिचालनको विवरण, तथ्याङ्क संकलनका लागि प्रयोग गरिने फारम आदिको विवरण | कार्य थालनी गरेको मितिले ३० दिन भित्र |
| २ | मस्यौदा प्रतिबेदन पेश | भू-उपयोग क्षेत्र वर्गीकरणलाई 'स्थानीय भू-उपयोग परिषद्' समक्ष पेस गर्नु र आवश्यक सल्लाह सुझाव लिनु | तोकिएको कार्य थालनी गर्ने मितिले ९० दिन |
| ३ | अन्तिम प्रतिवेदन | मस्यौदा प्रतिवेदन माथि 'स्थानीय भू-उपयोग परिषद्' ले दिएको पृष्ठपोषण र सुझाव समावेश गरि ' भू-उपयोग क्षेत्र वर्गीकरण' को अन्तिम प्रतिवेदन स्थानीय तहमा बुझाउने | तोकिएको कार्यथालनी गर्ने मितिले १२० दिन |

**१.७ प्रतिवेदनको भाषा**

तयार गरिने प्रतिवेदनको भाषा नेपालीमा हुनेछ ।

**१.८ परामर्शदाता संस्थाको योग्यता**

भू-उपयोग क्षेत्र वर्गीकरण गर्न इच्छुक फर्मको न्यूनतम योग्यता निम्नानुसार हुनुपर्नेछ ।

(क) काम गर्न इच्छुक संस्था विधिवत रूपमा दर्ता भई सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव हुनुपर्नेछ ।

(ख) नेपाल सरकारको नियमानुसार मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनुपर्ने छ ।

(ग) आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र भएको हुनुपर्ने छ ।

(घ) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्ने छ ।

**१.९ संलग्न जनशक्तिको न्यूनतम योग्यता**

परामर्श सेवा प्रदान गर्ने आवेदक सेवा प्रदायकले निम्नानुसारको विज्ञ टोली संलग्न गराउनु पर्नेछ ।

**(क) टोलीप्रमुख (१ जना)** : मान्यता प्राप्त विश्वविद्यालयबाट भूगोल वा शहरी योजना वा अन्य सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भई वा सो भन्दा माथिल्लो उपाधि

जवान सिंह बम
नि. प्रमुख प्रशासकीय अधिकृत

हासिल गरेको, भूमि स्रोत वा भू-उपयोग योजना सम्बन्धी अध्ययन तथा अनुसन्धान जस्ता कार्यमा कम्तिमा ७ देखि १० वर्षको कार्य अनुभव भएको । साथै टोली परिचालन, नेतृत्व र समन्वय गर्न सक्ने सीप भएको ।

(ख) **टोली सदस्य/भू-उपयोग विज्ञ (१ जना)** : मान्यता प्राप्त विश्वविद्यालयबाट भूगोल, जनसंख्या वा सहरी योजना वा अन्य सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भई भूमि स्रोत वा भू-उपयोग योजना सम्बन्धी अध्ययन तथा अनुसन्धान, प्रतिबेदन लेखन जस्ता कार्यमा कम्तिमा ५ देखि ७ वर्षको कार्य अनुभव भएको । साथै, स्थानीय तहमा सहजीकरण, अभिमुखिकरण तथा सहभागितामूलक छलफल संचालन गर्न सक्ने ज्ञान तथा सीप भएको ।

(ग) **जि.आई.एस. विज्ञ (१ जना)** : मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह वा कुनैपनि विषयको स्नातकोत्तर तहमा जि.आई.एस. विषय लिइ उत्तीर्ण भएको र भूमि स्रोत वा भू-उपयोग योजना सम्बन्धी कार्यमा कम्तिमा ३ देखि ५ वर्षको कार्य अनुभव भएको ।

(घ) **समाजशास्त्री (१ जना)** : मान्यता प्राप्त विश्वविद्यालयबाट समाजशास्त्र / अर्थशास्त्र / ग्रामिण विकास/ सामाजिक विज्ञान विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी भूमि स्रोत वा भू-उपयोग योजना तर्जुमा, अध्ययन तथा अनुसन्धान, प्रतिबेदन लेखन जस्ता कार्यमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको । साथै, स्थानीय तहमा सहजीकरण, अभिमुखिकरण तथा सहभागितामूलक रुपमा छलफल संचालन गर्न सक्ने ज्ञान तथा सीप भएको ।

(ङ) **वरिष्ठ सर्भेयर (१ जना)** : मान्यता प्राप्त विश्वविद्यालयबाट जियोमेटिक इन्जिनियरिङ्मा स्नातक तह उत्तीर्ण गरेको वा सिनियर सर्भे कोर्स पुरा गरी भूमि स्रोत वा भू-उपयोग योजना सम्बन्धी अध्ययन तथा अनुसन्धान, प्रतिबेदन लेखन जस्ता कार्यमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको । साथै, स्थानीय तहमा सहजीकरण, अभिमुखिकरण तथा सहभागितामूलक छलफल संचालन गर्न सक्ने ज्ञान तथा सीप भएको ।

(च) **कम्प्युटर सहायक (१ जना)**: मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण वा सो सरह शैक्षिक योग्यता भई कम्प्युटर सम्बन्धी ज्ञान र सिप भएको तथा नेपाली तथा अंग्रेजी भाषामा राम्रोसँग टाइपिङ गर्न र गुणस्तरीय प्रतिवेदन तयार गर्न सक्ने ।

(छ) **जि.पि.एस. अपरेटर (१ जना)**: मान्यता प्राप्त संस्था बाट डिप्लोमा जियोम्याटिक्स तह वा सो सरह शैक्षिक योग्यता भएको ।

जवान सिंह बम
नि. प्रमुख प्रशासकीय अधिकृत

## १.१० प्रतिवेदन प्रस्तुतिकरण तथा भुक्तानी चरण

भू-उपयोग क्षेत्र वर्गीकरण बापतका भुक्तानी प्रक्रिया निम्नानुसार हुनेछ।

| क्र.सं. | प्रतिवेदन चरण | समय अवधि | भुक्तानी चरण |
|---|---|---|---|
| १ | प्रारम्भीक प्रतिवेदन | सम्झौता गरेको मिति देखी ३० दिन भित्र प्रारम्भीक प्रतिवेदन पेश गर्ने। | २०% |
| २ | मस्यौदा प्रतिवेदन | प्रारम्भीक प्रतिवेदन पेश गरेको मिति देखी ९० दिन भित्र मस्यौदा प्रतिवेदन पेश गर्ने। | ४०% |
| ३ | अन्तिम प्रतिवेदन | मस्यौदा प्रतिवेदन पेश गरेको मिति १२० दिन भित्र अन्तिम प्रतिवेदन पेश गर्ने। | ४०% |

## १.११ कार्यक्रमको गुणस्तर सुनिश्चितता

भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यक्रम सम्बन्धित स्थानीय तहको पूर्ण स्वामित्व सुनिश्चित गर्दै कार्यान्वयनमा पनि लैजानु पर्ने भएकाले यो कार्यको नगरपालिकाबाट निरन्तर अनुगमन गरिनेछ। सेवा प्रदायक कम्पनी/ फर्म/ संस्थाले नगरपालिकाबाट अनुगमनका क्रममा दिएका सुझावहरूको पालना गर्नु पर्नेछ।

## १.१२ विविध

- यसमा उल्लेख नभएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित नेपालको कानुन बमोजिम हुनेछ।
- स्थानीय तह तथा वडाको सिमानामा परामर्शदाताले फेरवदल गर्न पाउने छैनन्।
- नगरपालिकाको वडा विभाजनको नापी विभागले उपलब्ध गराएको नक्सा र स्थानीय यथार्थतामा भिन्नता देखिएमा त्यसलाई कानुन सम्मत ढङ्गले समाधान गर्ने काम नगरपालिका स्वयंको हुनेछ।
- भू-उपयोग ऐन, २०७६ मा उल्लेखित अवस्थामा वाहेक निर्धारित भू-उपयोग क्षेत्र वर्गीकरण परिवर्तन गर्न पाइने छैन।
- भू-उपयोग क्षेत्र वर्गीकरण गर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले तयार पारेको भू-उपयोग नक्शा/तथ्याङ्कलाई मात्र आधार वनाउनु पर्ने छ।

जवान सिंह बम
नि. प्रमुख प्रशासकीय अधिकृत